म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ६३ २०८० माघ ७ गते आइतबार 21 January 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## लागुऔषधसहित भारतीय नागरिक पक्राउ

हेटौंडाः लागुऔषधसहित दुइजना भारतीय नागरिकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । शनिबार दिउँसो १ बजेर ५० मिनेटको समयमा हेटौंडा-१५, रातोमाटेबाट भारतको बिहार राज्य, पश्चिम चम्पारन भाङ्गा थाना जिल्ला बेतिया घर भई हाल पर्सा जिल्लाको रङपुरटाँडीस्थित मिठाई पसल सञ्चालन गर्दै आएका ४० वर्षीय जगु साह र भारतको बिहार राज्यको मझपपुर मिनापुर थाना मस्ताफा ग्रामका ४० वर्षीया शाहिलदेवीको साथबाट लागुऔषध अफिम १ केजी बरामद गरेको प्रहरीले जनाएको छ। बीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०१-००६ ख ४८८४ नम्बरको यात्रुबाहक माईक्रोबसलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा जगु र शाहिलदेवीलाई प्रहरीले पक्राउ गरेको जनाएको छ । लागुऔषधसहित पक्राउ परेका दुबैजनालाई हिरासतमा राखी थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ।

# शिक्षालाई पुनः परिकल्पना गराउँदै



*शिक्षालाई पुनःपरिकल्पना गर्न आयोजित कार्यशालामा सहभागी ।*

समाज संवाददाता

हेटौंडाः शिक्षामा गुणात्मक सुधारको लक्ष्यसहित क्रियाशील युवाहरुले शनिबार हेटौंडामा विद्यालय शिक्षालाई पुनःपरिकल्पना गर्न आग्रह गर्दै विद्यालय सञ्चालक र प्रिन्सीपलहरुका लागि एक दिने कार्यशालाको आयोजना गरेको छ । "प्रविधिको सहयोगमा शिक्षामा रुपान्तरण" भन्ने नारासहित युवाले अगुवाई गर्दै आएको संस्था वेदको आयोजना तथा अमेरिकी सहयोग नियोग (युएसएड) को सहयोगमा कार्यशाला भएको हो ।

कार्यशालामा मकवानपुर जिल्लाका ४० भन्दा बढी निजी विद्यालयका सञ्चालक र प्रिन्सीपलको सहभागिता रहेको थियो । कार्यशालाका लागि निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन ( प्याब्सन) मकवानपुरले स्थानीयस्तरमा समन्वय गरेको थियो। कार्यशालामा वेदका सहसंस्थापक उवम् प्रमुख कार्यकारी अधिकृत निर्देश द्वाले शैक्षिक संस्थाको लक्ष्य, उद्देश्य र दृष्टिकोण निर्धारण गर्न जरुरी रहेको औंल्याउनुभयो । विद्यालय शिक्षाको लक्ष्य, उद्देश्य र दृष्टिकोण स्पष्ट बनाउन सक्दा मात्रै प्रभावकारी शिक्षा प्रदान गर्न सकिने उहाँको भनाइ थियो । आधुनिक प्रविधिको प्रयोग गरी प्रभावकारी शिक्षा प्रदान गर्न शैक्षिक संस्थाका सञ्चालक र शिक्षकबीचको सामूहिक प्रयास जरुरी रहेकोमा उहाँले जोड दिनुभयो ।

कार्यशालामा कारखानाका सहसंस्थापक एवम् प्रमुख प्रशासकीय अधिकृत पवित्रबहादुर गौतमले प्रविधि, व्यवहारिक पक्ष र प्रभावकारी शिक्षाका विषयमा सहजीकरण गर्नुभएको थियो । पठन संस्कृतिको विकासमा पनि विद्यालयले ध्यान दिनुपर्ने गौतमको सुझाव थियो । कार्यशालामा सहभागीले आआफ्नो संस्थाको मूल्यांकन गरी प्रभावकारी शिक्षाका लागि आवश्यक तयारी गर्न सहयोग पुग्ने आयोजकको विश्वास छ । कार्यशालामा विद्यालय शिक्षाका विज्ञ प्रविज्ञ रेग्मीले कार्यशाला आयोजनाको मूल उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । कार्यशालाको उद्घाटन प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको अध्यक्षतामा भएको थियो । उद्घाटन कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डको हेटौंडास्थित कार्यालयका प्रमुख कृष्णप्रसाद घिमिरे र हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका प्रमुख हरिचन्द्र सापकोटाको पनि आतिथ्य रहेको थियो ।

## हेटौंडा सिमेन्टको ४ महिनादेखि उत्पादन ठप्प

# ६ महिनामा साढे २ लाख बोरा सिमेन्ट बिक्री




समाज संवाददाता

हेटौंडाः नेपाल सरकारको स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योगमा ४ महिनादेखि उत्पादन ठप्प रहेको छ । दैनिक सात सय ५० मेट्रिक टन उत्पादन हुनुपर्ने सिमेन्ट दशैंपछि उत्पादन शून्य नै रहेको छ ।

उद्योगले चालु आर्थिक वर्षमा २ लाख ४९ हजार ४५६ बोरा सिमेन्ट बिक्री गरेको छ। सिमेन्ट उद्योगले चालु आर्थिक वर्षको साउनमा ४८ हजार ९५५ बोरा, भदौमा ४५ हजार ५१० बोरा, असोजमा ५१ हजार ४८२ बोरा, कात्तिकमा २२ हजार ३८७ बोरा, मंसिरमा २५ हजार ३३७ बोरा र पुषमा ५५ हजार ७८५ बोरा सिमेन्ट बेचेको हो ।

लामो समयदेखि निरन्तर घाटामा रहेको उद्योगले सिमेन्ट उत्पादनका लागि चाहिने कोइलाको अभाव देखाउँदै उद्योगले उत्पादन कार्य ठप्प गरेको छ। कोइलाको अभाव देखाउँदै सिमेन्ट उद्योगले दशैंपछि पूर्णरुपमा उत्पादन ठप्प पारेको छ । उद्योगले एकपटक टेण्डर गर्दा १३ हजार टन कोइला ट्रकमा ढुवानी भई आपूर्ति हुने गरेको छ । कोइलाको माध्यमबाट सिमेन्ट उत्पादनका लागि चाहिने कच्चा पदार्थ क्लिङ्कर बनाउने गरिन्छ । क्लिङ्कर अभावका कारण सिमेन्ट उत्पादन हुन नसकेको उद्योग प्रशासनको भनाइ छ ।

उद्योगले पछिल्लो चार वर्षदेखि निरन्तर घाटा बेहोरिरहेको छ। उद्योगबाट प्राप्त जानकारीअनुसार आर्थिक वर्ष ०७५/७६ देखि ०७८/७९ सम्ममा उद्योगलाई ६५ करोड ४७ लाख १६ हजार ७८२ रुपैयाँ नोक्सान भएको छ। आर्थिक वर्ष ०७४/७५ मा १६ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको उद्योग त्यसपछि निरन्तर घाटामा गएको हो। आर्थिक वर्ष ०७५/७६ मा उद्योगले एक करोड पाँच लाख रुपैयाँ नोक्सानी बेहोरेको थियो । त्यसपछि आर्थिक वर्ष ०७६/७७ मा २३ करोड ८२ लाख, ०७७/७८ मा १७ करोड चार लाख रुपैयाँ उद्योगलाई घाटा भएको थियो ।

गत आर्थिक वर्षमा उद्योगले एक अर्ब २२ करोड आम्दनी गरेर एक अर्ब ३९ करोड खर्च गरेको बताइएको छ। गत आर्थिक वर्ष उद्योगको नोक्सानी २३ करोड ५५ लाख रुपैयाँ रहेको छ । कर्मचारी, उपकरण, पुरानो प्रविधि, बजारको अभाव, मूल्य समायोजन, प्रतिस्पर्धात्मक बजारलगायतका समस्या उद्योगमा रहेको महाप्रबन्धक बसन्तकुमार पाण्डेले बताउनुभयो। उत्पादन क्षमता र बिक्रीसमेत घट्दा उद्योगले निरन्तर घाटा बेहोरिरहेको उहाँको भनाइ छ ।

यता, उद्योग सञ्चालन गर्न माग गर्दै अखिल नेपाल औद्योगिक मजदुर संघले आन्दोलन गर्दै आएको छ। मजदुर संघले पुस २४ गतेदेखि माघ ७ गतेसम्म हेटौंडा सिमेण्ट उद्योगको प्रशासनिक भवन अगाडि कालोपट्टी बाँधेर धर्ना दिइरहेको छ। मजदुर संघले दैनिकरुपमा दिनको २ घण्टा धर्ना बस्दै आएको अखिल नेपाल औद्योगिक मजदुर संघका अध्यक्ष दीपक सिंह थोकरले जानकारी दिनुभयो ।

उद्योग दशैंबाट नै ठप्प रहेको बताउँदै उहाँले भन्नुभयो, 'सिमेण्ट उद्योगले कोइला नभएको, चुनढुङ्गा नभएको भन्दै उत्पादन बन्द गरेको छ । मजदुर संघले उद्योग सञ्चालन गर्नुपर्ने माग राखी पेश गरेको अल्टिमेटममा व्यवस्थापनले वास्ता गरेको छैन, विभिन्न बहाना बनाई उत्पादन बन्द गरेको छ।' अत्यावश्यकीय कच्चा पदार्थ हालसम्म पनि पर्याप्तरुपमा जम्मा गर्न नसकेको भन्दै अध्यक्ष थाकरले महाप्रबन्धकले उद्योग नियमित सञ्चालन गर्न कुनै प्रयत्न नगरेको आरोप लगाउनुभयो । हेटौंडा सिमेन्ट उद्योगमा १९३ जना स्थायी कर्मचारी रहेका छन् भने दैनिक ज्यालादारी एक सय जनाभन्दा बढी रहेका छन् ।

# सडकमा सुतेका जनतालाई उठाउन मलाई साथ दिनुस्ः दुर्गा प्रसाई



समाज संवाददाता

हेटौंडाः वित्तीय क्षेत्रविरुद्ध अभियान चलाउँदै आएका दुर्गा प्रसाईले सडकमा सुत्न बाध्य भएका जनतालाई उठाउन आफूले अभियान चलाएको बताउनुभएको छ । शनिबार हेटौंडा-४ स्थित हुप्रचौरमा भएको सभालाई सम्बोधन गर्नुहुँदै अभियन्ता एव्म राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियान समूहका केन्द्रीय संयोजकसमेत रहनुभएका प्रसाईले यस्तो बताउनुभएको हो ।

अहिले सर्वहारा र भुँई मान्छेहरुको गाँस, बास र कपास खोस्ने काम भइरहेको उहाँले बताउनुभयो । उहाँले वित्तीय संस्थाहरुले सुरुमा ७ प्रतिशत व्याजमा ऋण दिई हस्ताक्षर गराएर १८ प्रतिशतसम्म व्याज लिएर जनतालाई घर बारविहीन बनाएर सडकमा पुऱ्याएको बताउनुभयो । अहिले सरकार र बैंकले युवालाई खाडी पठाइरहेको र पीडित महिलाहरुलाई जङ्गलमा लुक्न बाध्य बनाएको उहाँले आरोप लगाउनुभयो । परदेशमा गएर कमाएको पैसा बैंकको ऋण तिर्नसमेत नसकिरहेको र देशमा हुनेलाई पनि केही गर्न नदिएको उहाँले बताउनुभयो।

आफूले चलाएको अभियानले कसैलाई सुकुम्बासी बन्न नदिन्ने भन्दै उहाँले यो व्यवस्था परिवर्तन गर्न सबै लाग्नुपर्ने बताउनुभयो । त्यसपछि सबैको घरजग्गा फिर्ता हुने र धनीपुर्जा नयाँ बनाएर आफूले जिम्मा लगाउने अठोटका साथ आफू लागेको उहाँको भनाइ छ। आगामी फागुन १ गते काठमाडौंमा आन्दोलनको कार्यक्रम राखेको बताउनुहुँदै उहाँले सबैलाई सहभागी हुन आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो- 'अब अन्तिम लडाइँ लड्नुछ, सबैजना सहभागि हुनुहोला । नभए कसैको घर जग्गा जोगिनेवाला छैन ।' उहाँले पीडितहरुलाई बैंकबाट जोगाउन आफू सबै चिज छोडेर लागेकाले सबैले आफूलाई साथ दिनुपर्ने बताउनुभयो । उहाँले अब पीडितहरु घर छाडेर जान नपर्ने र आनन्दले सुत्न पाउने दिन आउन लागेको बताउनुभयो ।

आफूले बैंक पीडितको आवाजलाई उठाउँदै गर्दा विभिन्न आरोप लाग्ने गरेको भन्दै उहाँले आफूले कुनै सहकारी नठगेको बताउनुभयो । आफूले धितो राखेर मेडिकल कलेज चलाउन ऋण लिएको तर सरकारले चलाउन नदिएको आरोप लगाउनुभयो। विद्यार्थी पढाउन र कलेज चलाउन पाए आफूले ऋण तिर्ने उहाँले उद्घोष गर्नुभयो ।

उहाँले नेपालमा कुनै दलले राजा ल्याउन नसक्ने बताउनुभएको छ। अहिले राजावादी भनिएका राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत कुनै दलले राजा ल्याउन नसक्ने उहाँले दाबी गर्नुभयो। सबैले राजावादीको नाम लिएर फाइदा उठाइरहेको बताउनुहुँदै उहाँले राप्रपाका नेताहरुलाई नाटक नगर्न आग्रह गर्नुभयो । राप्रपाले राजा र हिन्दूराज्य ल्याउँछ भन्ने कुराको भ्रममा नपर्न उहाँले आग्रह गर्नुभयो । राजा चाहिएमा आफ्नो पक्षको अभियानमा जोडिन उहाँले आग्रह गर्नुभयो । उहाँले राप्रपा अहिले सरकारमा बसेर राजा ल्याउन नसक्ने र राजा चाहिएमा सबै पदबाट राजीनामा दिनुपर्ने उहाँले बताउनुभयो ।


अभियान समूह नारायणी अञ्चल संयोजक विजय तिमल्सिनाको सभाध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय संगठन विभागका प्रमुख हरि कार्कीलगायत जिल्ला समूहका अध्यक्षहरुको आतिथ्य रहेको थियो। सभामा मकवानपुर, चितवन, पर्सा, बारा र रौतहटका वित्तीय संस्थाबाट पीडित भनिएकाहरुको सहभागिता थियो।

# इपाका अपाङ्गता भएका दिदी-भाइलाई घरमै नागरिकता

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका-८, इपामा अपाङ्गता भएका दिदी-भाइलाई जिल्ला प्रशासन कार्यालय मकवानपुरका अधिकारीले घरमै पुगेर नागरिकता वितरण गरेका छन्। जिल्लाको विकट स्थानका अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा कार्यक्रमको लाभ समेत लिन सकोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारीको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत सरोज पौडेल नेतृत्वको कर्मचारीको एक समूहले शनिबार दिउँसो १६ वर्षीय सुरेन्द्र थिङ र २० वर्षीया सुनिता थिङलाई नागरिकता वितरण गरिएको छ ।

भीमफेदी-८ को महादेवटारदेखि स्वाँरासम्म ४ घण्टा हिँडेर इपा पुगेका प्रशासकीय अधिकृत पौडेल, नासु सहदेव आचार्य र अश्विन अर्यालले सुरेन्द्र र सुनितालाई नागरिक वितरण गर्नुभएको हो । जन्मजात शारीरिक एवम् मानसिक अपाङ्गता भएका दिदीभाइको अवस्था बुझेर बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई नागरिक वितरणमा सहयोग गर्न आग्रह गर्नुभएको थियो ।



*सुनितालाई नागरिकता वितरण गर्नुहुँदै प्रशासकीय अधिकृत सरोज पौडेल ।*

नागरिक वितरण गरेर फर्कनु भएका प्रशासकीय अधिकृत पौडेलका अनुसार सुरेन्द्र र सुनिता दुवैजना पूर्णतः ओछ्यानमै सुतेर बस्न बाध्य छन् । हिँड्डुल गर्नुपर्ने २ वर्ष उमेर पुग्नै लाग्दा नसामा समस्या भएर हिँड्डुल गर्न नसकेका दिदी-भाइ उचित स्याहारको अभावमा कम्मरमुनीको भागमा घाउ समेत भएको छ। अपाङ्गता भएका सुरेन्द्र र सुनिताकी आमा दोस्रो विवाह गरेर गएको र बाबुले पनि दोस्रो विवाह गरेका छन् । दोस्रो विवाहपछि कान्छी आमाबाट जन्मिएका दुइ बच्चा भने सामान्य छन् ।

सुरेन्द्र र सुनिताले नागरिकता पाएपछि सामाजिक सुरक्षा भत्ता प्राप्तिको प्रक्रियामा सहभागी हुन सक्ने र मासिक जनही ३ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित हुने प्रशासकीय अधिकृत

....बाँकी पृष्ठ ३ मा

# सम्पादकीय

## द्वन्द्वका लडाकुको पीडा

विसं २०५२ साल फागुन १ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले तत्कालीन राज्यविरुद्ध जनयुद्ध घोषणा गरी सशस्त्र विद्रोह थालेको थियो । दश वर्ष चलेको सशस्त्र द्वन्द्वमा कम्तीमा १७ हजार जनाले ज्यान गुमाएका थिए भने कम्तीमा एक हजार ४ सय जना बेपत्ता भएका थिए । तात्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र यसको वैधानिक मञ्च संयुक्त जनमोर्चा र अन्य संगठनहरुले जनयुद्धको घोषणा गर्नुअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० बुँदे माग राखेको थियो । उनीहरुको मागलाई बेवास्ता गरेपछि सशस्त्र जनयुद्ध घोषणा गर्दै सबै नेता भूमिगत भए । रोल्पा, रुकुमलगायत पश्चिम नेपालको पहाडी जिल्लाहरुमा आधार इलाका बनाएर माओवादीले देशव्यापीरुपमा विभिन्न स्थानमा रहेका प्रहरी चौकी र सरकारी संरचनाहरुमा आक्रमण तिब्र बनायो । माओवादीले हजारौं किशोर तथा युवालाई लडाकुको रुपमा परिचालन गरेर सशस्त्र संघर्ष गरेको थियो । २०६२/०६३ को जनआन्दोलनपश्चात् जनयुद्ध अन्त्य गर्दै शान्ति प्रक्रियामा सहभागी भएपछि ती लडाकुसहित जनयुद्धमा पार्टीलाई सहयोग गर्नेहरुलाई पार्टीले बिर्सिएको आरोप लाग्ने गरेको छ ।

१० वषसम्म चलेको सशस्त्र द्वन्द्वको समयमा लडाकु बनेकाहरुले नेताले आफूहरुलाई चिन्न, बुझ्न नसकेको गुनासो गरेका छन् । गत बिहीबार द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालले हेटौंडामा आयोजना गरेको कार्यक्रममा सहभागीहरुले यतिबेला आफ्नै नेताले संघ, प्रदेश र स्थानीय सरकारको नेतृत्व गरिरहेको भए पनि लडाकुले आफूहरुलाई बेवास्ता गरेको आरोप लगाएका हुन् । द्वन्द्वको समयमा बन्दुक बोकेर आजको परिवर्तन ल्याएको भए पनि अहिले नेताले नचिनेको उनीहरुको गुनासो छ । द्वन्द्वको समयमा बुर्जुवा शिक्षा भन्दै पढ्न नदिएर आज बेकामे बनाएको दु:खेसो पूर्वलडाकुको छ । जहाँसुकै काम गर्नका लागि पढाइको आवश्यकता पर्ने भएकाले हिजो पढ्न नदिएर आफूहरुलाई थप अन्यायमा पारिएको उनीहरुले महसुस गरेका छन् । औपचारिक रोजगारीको अवसर नपाउँदा दैनिक ज्यालादारी गरेर पनि हातमुख जोड्न बाध्य हुनुपरेको पूर्वलडाकुको भनाइ छ । सशस्त्र द्वन्द्वको समयमा अंगभंग भएका र घाइते भएकाको अवस्था अझ भयावह रहेको छ ।

वर्तमान सरकारले द्वन्द्वपीडित परिवारका लागि आवश्यक कार्य गर्दै आएको सरकारी दावी छ । बागमती प्रदेश सरकारले पनि द्वन्द्वपीडितलाई लक्षित गरी सीप विकास, अनुदान तथा बीउ पुँजीका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिरहेको बताइएको छ । तर द्वन्द्वपीडित र प्रभावित महिलाको अधिकार प्राप्ति, उनीहरुको सशक्तीकरण र नेतृत्व विकासका पर्याप्त काम नभएको स्पष्ट छ । द्वन्द्वकालमा यौनजन्य हिंसामा परेका महिलाका मुद्दा पनि अझै पेचिलो बनिरहेको छ । द्वन्द्वकालमा महिलामाथि लैंगिक तथा यौनजन्य हिंसाका घटनाका पीडितले न्याय पाउन सकेका छैनन् । द्वन्द्वका क्रममा जबर्जस्ती बेपत्ता, यातना, बलात्कार तथा गैरन्यायिक हत्याको पीडित बनेका हजारौंले अहिलेसम्म सत्य निरुपण भएर न्याय पाउन सकेका छैनन् । द्वन्द्व प्रभावितलाई न्याय दिलाउनका लागि करिब डेढ दशकअघि गठन गरिएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले आफ्नो जिम्मेवारी पूरा गर्न सकेको छैन ।

माओवादी सशस्त्र द्वन्द्वबाट पीडित र प्रभावित व्यक्तिका साथै द्वन्द्वमा सहभागी भएकाहरुको उचित व्यवस्थापनमा माओवादी पार्टीका शीर्ष नेतृत्व र सरकार गम्भीर हुनुपर्छ । हिजो तिनै लडाकुको आँट, बलमा सशस्त्र द्वन्द्व गरेर अहिले राज्यसत्ताको सुखभोग गरिरहेका नेतृत्वले आफ्ना सारथीको उचित जीविकोपार्जनका लागि ध्यान नदिनु विडम्बना मान्नुपर्छ । सशस्त्र द्वन्द्व अन्त्य भई विस्तृत शान्ति सम्झौता भएको सत्र वर्षसम्म पनि द्वन्द्व प्रभावित र पीडितका पीडा जस्ताको त्यस्तै रहनुले द्वन्द्वको उपलब्धी फलदायी हुन सकेको मान्न सकिँदैन । माओवादीको सशस्त्र द्वन्द्व अन्त्य भए पनि द्वन्द्वको प्रभाव भने अन्त्य हुन सकेको छैन । अझ माओवादी द्वन्द्वपछि मधेस, थारु, जनजातिजस्ता विविध जातीय, क्षेत्रीय, साम्प्रदायिक, वर्गीय आन्दोलनहरु थपिएका छन् । द्वन्द्वको अन्त्यसँगै भएको पहिलो संविधानसभा निर्वाचनबाट सबैभन्दा ठूलो दल बनेर सरकारको नेतृत्व गरेको माओवादीले त्यसपछि पनि बारम्बार सरकारको नेतृत्व गर्ने र सरकारमा सहभागी हुने अवसर पाइरहेको छ । तर, द्वन्द्व अन्त्य भएको दुई दशक पुग्न लाग्दासमेत लडाकुलगायत द्वन्द्व प्रभावित र पीडितमा असन्तोष र पीडा बाँकी रहनु भनेको नेतृत्वको कमजोरी हो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मिहिनेत र परिश्रमले काममा सफलता प्राप्त होला ।
**वृष** : आध्यात्मिक र दार्शनिक भावनाको विकास हुने समय छ ।
**मिथुन** : आन्तरिक क्षमतामा वृद्धि गर्नुपर्ने समय योग छ ।
**कर्कट** : परिश्रम र मिहिनेतले लाभ प्राप्त हुने समय छ ।
**सिंह** : इच्छा, लक्ष्य पूरा गर्न सकिने समय योग छ ।
**कन्या** : जोखिम र सङ्कटबाट बच्दा बचाउँदा राम्रो रहला ।
**तुला** : आत्मीय मित्रसँग भावना साटासाट हुने समय छ ।
**वृश्चिक** : भविष्य निर्माणका लागि परिश्रम आवश्यक ।
**धनु** : मौन नै विजय र सुख प्राप्तिको समय हो ।
**मकर** : घरायसी समस्याहरु क्रमशः सुल्झदै जालान् ।
**कुम्भ** : आहार–बिहारमा सजगता अपनाउँदा राम्रो ।
**मीन** : काम देखाएर उपलब्धि हात पारिने समय छ ।

# सत्ता र नेताले राष्ट्रिय सभाको महत्व नै बुझेनन्



✍ **सुमित्रा लुईंटेल**

२०४७ सालमा संविधान जारी भएपछि नेपालले विकेन्द्रीकरणको राम्रो अभ्यास सुरु गर्न खोजेको थियो । प्राथमिक शिक्षादेखि कृषि, पशु लगायत विषय तल्लो तहमा पठाउनुपर्ने आवाज उठेको हो, जुन पछि कार्यान्वयनमा आएन । हिजोको विकेन्द्रीकरण कानुनी विकेन्द्रीकरण थियो ।

२०७२ सालमा जारी भएको संविधानले संवैधानिक संघीयता सहितको विकेन्द्रीकरणको परिकल्पना गरेको हो । हाम्रो संविधानले स्थानीय सरकारबाट नै सेवा प्रवाहका काम हुनुपर्ने परिकल्पना गरेको छ । कामको भार बढी भएको ठाउँमा त्यही अनुपातमा जनशक्ति र स्रोत-साधन हुनुपर्छ ।

तर, संविधान जारी हुनासाथ कर्मचारीवृत्तमा सकेसम्म तल्लो तहमा जान नपरे हुन्थ्यो भन्ने मानसिकता बन्यो । उनीहरुले तल्लो तहमा जान नपरे हुन्थ्यो भन्ने वकालत गरिरहे । २०७४ सालको निर्वाचनपछि सरकार बनेसँगै माथिल्लो तहमा अधिकार थपियो । केही कार्यालयहरू गाभिए, तर विभागहरू घटेनन् ।

त्यो बेलाको नेतृत्वकै कमजोरी मान्नुपर्छ, उनीहरूले संविधान र संघीयता बुझेनन् । संविधानले तीन तहको सरकार परिकल्पना गरेको छ । स्थानीय तहलाई पनि राज्यशक्तिको अधिकार हुने भनेको छ । तर संविधानमा सुनिश्चित गरिएको स्थानीय सरकारको यो भूमिका केन्द्रीय तहमा बस्ने राजनीतिक र प्रशासनिक नेतृत्वले बुझ्नै चाहेन ।

संविधान जारी भइसकेपछि संघीयता कार्यान्वयनका सिलसिलामा तीनवटा कानुन बनाउन खोजिएको थियो । स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग विधेयक तयार भयो । कर्मचारी समायोजन ऐनको मस्यौदा पनि त्यतिबेला बनेको थियो । त्यतिबेलाको मस्यौदा हेर्ने हो भने मुलुकमा संघीयता आएको महसुस नै नगरी विधेयक तयार पारिएको थियो भन्ने देखिन्छ ।

संविधान जारी हुनुभन्दा अघिको एकात्मक व्यवस्थामा नै हाम्रा स्थानीय निकायले ५० प्रतिशतसम्म रोयल्टी पाउँथे । स्थानीय स्रोत-साधन, जलविद्युत् तथा पर्यटनबाट आर्जित राजस्वमा स्थानीय निकायले राम्रो हिस्सा पाउँथे ।

तर, संघीयता जारी भएपछि स्थानीय तहलाई ५ प्रतिशत मात्रै हिस्सा हुने भनी विधेयक तयार पारियो, प्रदेश तहलाई १० प्रतिशत दिइयो । अधिकार तल्लो तहमा प्रत्यायोजन भएको छ, तर संघीय तहलाई अनुकूल हुने कानुन बनाउने सिलसिला कायमै रह्यो ।

स्थानीय स्रोत-साधनको प्रयोगमा स्थानीय तहलाई नै अग्राधिकार हुन्छ भनेर संविधानले सुनिश्चित गरेको थियो । स्थानीय अग्राधिकार भन्ने शब्दावलीको प्रयोगको समेत कुनै अर्थ भएन । यस्ता प्रवृत्तिको चर्को विरोध गरेका कारण पछि २५/२५ प्रतिशतको दरले रोयल्टी बाँडफाँटमा कुरा मिल्यो ।

संघीयता जारी हुनुअघि मैले लामो समय स्थानीय तहको अनुदान व्यवस्थापन र वित्तीय विकेन्द्रीकरणको क्षेत्रमा काम गरें । त्यसपछि राष्ट्रिय योजना आयोगमा विज्ञको भूमिकामा रहें । योजना आयोगमा रहँदा चिटका आधारमा नेता र शक्तिशाली व्यक्तिहरुले धमाधम योजना बाँड्ने काम गरे ।

यसरी आवश्यकता र मागका आधारमा भन्दा पनि शक्ति र पहुँचका आधारमा योजना छनोट हुँदो रहेछ भन्ने देखिएपछि मैले सार्वजनिक रुपमा नै 'योजना आयोग खारेज गरिदिए हुन्छ' भनेको हुँ ।

प्रदेश तहको स्थापनापछि मैले बागमती प्रदेश सरकारको योजना आयोगको उपाध्यक्ष भएर काम गरें । प्रदेश सचिवको कार्यकक्षको एउटा कुनामा टेबल र कुर्सी राखेर योजना आयोगको काम सुरु गरिएको थियो । पछि वडा तहको विवरण संकलन गर्नेदेखि आवधिक योजनाहरू बनाउने काम भयो ।

योजनाबद्ध विकासका कामले संस्थागत स्वरुप लिन खोजेका बेला हिजोका केन्द्रीय तहको विकृति प्रदेश तहसम्म देखिन थाल्यो । प्रदेशका सांसदहरूले नै आफ्नो निर्वाचन क्षेत्रमा योजना र कार्यक्रममा ध्यान केन्द्रित गर्न खोजे ।

प्रदेशहरू अन्तरपालिका स्तरका ठूला योजनामा जानुपर्छ भन्ने सोच भए पनि त्यसको कार्यान्वयन हुनसकेको थिएन । विरोधका बाबजुद निर्वाचन क्षेत्र विकास कार्यक्रम राखियो । पछि फेरि खल्तीकै योजनाले प्राथमिकता पाए, मैले पनि योजना आयोगको जिम्मेवारी स्वेच्छाले छाडें ।

### राष्ट्रिय सभाबाट हेर्दा

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको आन्तरिक विवादका कारण एकीकरण भएको एमाले र माओवादी केन्द्र अलग-अलग भए । राष्ट्रिय सभामा केही सांसदहरू दलत्याग गरेका कारण पदमुक्त भएपछि खाली पदमा म निर्वाचित भएँ ।

यसरी साढे दुई वर्षको अवधिमा मैले राष्ट्रिय सभाबाट प्रदेश र स्थानीय तहको संवैधानिक भूमिका, उनीहरूले पाएको अधिकार र स्रोत-साधन अनि संस्थागत विकास र हालको अवस्था जान्ने-बुझ्ने मौका पाएँ ।

राष्ट्रिय सभा आ-आफ्नो क्षेत्रमा भूमिका निर्वाह गरेका विज्ञहरूको थलो हो । सिद्धान्ततः नै जनप्रतिनिधिहरू मतदाताप्रति उत्तरदायी हुन्छन् । मेरो मतदाता प्रदेशका सांसद अनि स्थानीय तहका प्रमुख र उपप्रमुख थिए । उनीहरूको आवाज प्रतिनिधित्व हुनुपर्छ भन्नेमा मेरो ध्यान केन्द्रित भयो ।

यस बाहेक एक वर्ष प्रदेश योजना आयोगमा बस्दा त्यहाँ किन र के कारणले समस्या छ भन्ने धेरथोर थाहा पाएको थिएँ । संघीयता कार्यान्वयनका क्रममा प्रदेश र स्थानीय तहलाई सुरुदेखि नै कमजोर बनाउने खेल सुरु भएको हो ।

कतिसम्म भने प्रदेशमा सचिव नपठाउने, पठाए पनि खोसेर लैजाने, दुःख दिने काम भयो । सार्वजनिक खर्च पुनरावेदन आयोगले केन्द्रीय तहका कैयौं संरचना खारेज हुनुपर्ने सुझाव दिएको थियो । तिनलाई तल्लो तहमा पठाइदिन आग्रह गरे पनि सुनुवाइ नगरिदिने समस्या रह्यो ।

सन्निकटताको सिद्धान्त अनुसार, तल्लो तहमा जति धेरै अधिकार भयो, जनता त्यति नै लाभान्वित हुन्छन् । आफ्ना प्रतिनिधिहरूप्रति उनीहरूको अपनत्व बढ्छ भन्ने मान्यता राखिन्छ । विकेन्द्रीकरण र स्थानीय शासनको विद्यार्थीका नाताले पनि मैले प्रदेश र स्थानीय तहको सशक्तीकरणको वकालत गरेको हुँ ।

अहिले पनि स्थानीय तहमा आवश्यक भन्दा करिब २०/२२ हजार कम कर्मचारी छन् । बीचमा लोकसेवा आयोगबाट पठाइएका करिब १० हजार कर्मचारी समेत संघीय मामिला मन्त्रालयको हस्तक्षेपका कारण अनुकूल ठाउँमा सरुवा भइसके । करिब २०० भन्दा बढी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत नै छैनन् ।

स्थानीय तहको पुनर्संरचनाका क्रममा हिजोका गाविसलाई अहिले वडा बनाइएको हो । हिजोका हरेक गाविस आजका वडा हुन्, तर पर्याप्त कर्मचारी छैनन् । भएका कर्मचारी सिंहदरबारमा भीड लागेका छन् । कर्णालीका दुर्गम भागमा काठमाडौं उपत्यकाभन्दा ठूलो क्षेत्रफलका वडा छन्, कर्मचारीहरू छैनन् । २४ सय वर्ग किलोमिटरको हुम्लाको नाम्खा काठमाडौं उपत्यकाभन्दा ठूलो छ ।

त्यो ठाउँका बासिन्दाले कहिले र कसरी सेवा पाएका छन् भनेर सिंहदरबारले कहिल्यै सोचेन । प्रदेश तहमा पनि कर्मचारी अभाव छ । केही पनि नपाएका प्रदेश र स्थानीय सरकारले जनतासामु कसरी आफ्नो उपस्थितिको प्रत्याभूति गराउन सकुन् ? यो मर्म र आवाज राष्ट्रिय सभाले निरन्तर बोल्नु आवश्यक छ ।

संघीय तहमा खारेज हुनुपर्ने मन्त्रालय यथावत् रहे । हिजो विकास क्षेत्रको तहमा रहेका संरचना र कार्यालयलाई समेत प्रदेश तहमा हस्तान्तरण नगरेर केन्द्रीय तह मातहत नै राखियो । विभिन्न मन्त्रालयका संरचना माथिल्लो तहमा रहे । कतिपय मन्त्रालयहरुमा अहिले पनि दुई जना सचिव छन् ।

प्रदेश र स्थानीय तह संस्थागत विकासका लागि महत्वपूर्ण मानिएको कर्मचारी समायोजन समयमा हुन सकेन, निकै ढिला भयो । त्यस क्रममा प्रदेशलाई नै बेवास्ता गर्ने काम भयो । प्रदेशलाई संविधानले मात्रै होइन, नेताहरूले पनि कमजोर बनाए ।

संविधान जारी भएपछिको आम निर्वाचनबाट बनेको सरकारमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सुविधायुक्त बहुमतमा हुनुहुन्थ्यो । तर प्रदेश तहलाई अधिकार दिन बेवास्ता गरेपछि त्यतिबेलाका मुख्यमन्त्रीहरू पोखरामा भेला भएर असन्तुष्टि पोखेका थिए । 'मेरा विरुद्ध गुटबन्दी गर्ने तिमीहरू होइनौ ?' भनेर उनीहरूलाई ६ महिनासम्म बालुवाटार छिर्न समेत दिइएन ।

हिजोकाले जे माग गरे, अहिलेका मुख्यमन्त्रीहरूले पनि त्यही आवाज उठाइरहेका छन् । तीन साताअघि मात्रै हेटौंडामा भेला भएका मुख्यमन्त्रीहरूले त्यही कुरा दोहोर्याएका हुन् । भोलिपल्ट बालुवाटारमा आएर गुनासो गरे । सुरुमा नै राजनीतिक नेतृत्वले सही बाटो नलिएकाले संघीयता कार्यान्वयनले गति लिएन ।

### आवाजको सुनुवाइ भएन

मेरा लागि यी सबै समस्या उठाउने र ध्यानाकर्षण गराउने उपयुक्त ठाउँ राष्ट्रिय सभा थियो । मैले संघीयता कार्यान्वयनका मामिलामा 'यो यो काम गर्नुपर्ने आवश्यकता छ' भनी राष्ट्रिय सभामा १५ बुँदे संकल्प प्रस्ताव पेश गरेको थिएँ ।

संघीयता कार्यान्वयनको संकल्प प्रस्ताव ल्याउन निकै कठिन भएको थियो किनभने सबै दलका सांसदहरूलाई त्यो विषयवस्तुबारे विश्वस्त पार्नु आवश्यक थियो । जो सुकै भए पनि सत्तापक्ष यस्तो प्रस्तावमा सहमत हुँदैन, यस्तो प्रस्ताव ल्याउनु भनेको सरकारलाई जवाफदेही बनाउने र अप्ठेरो पर्ने काम हो भन्ने उनीहरूले बुझेका हुन्छन् ।

समिति पनि बन्यो, हामीले ९९ बुँदे सुझाव पनि दियौं । प्रतिवेदनले संघीयता कार्यान्वयनका समस्या र अवरोधबारे विस्तृत रूपमा खुलाएको छ । प्रतिवेदनलाई प्रदेश सभामुखहरूले र सरकारले समेत ग्रहण गरेका छन्, अपनत्व लिएका छन् । राष्ट्रिय सभाले समेत संघीयता कार्यान्वयनको वकालत नगरे कसले गर्ने ? प्रदेश र स्थानीय तहको क्षमता विकासको वकालत अरू कसले गर्ने ?

अन्तरतह समन्वय परिषद् सक्रिय भएको थिएन, अन्तरसरकारी सम्बन्ध कमजोर थियो । २०७५ मंसिरमा तत्कालीन प्रधानमन्त्रीको नेतृत्वमा बसेको परिषद्को बैठकले जारी गरेको संघीयता कार्यान्वयनको २९ बुँदे रोडम्याप अहिले पनि अलपत्र छ ।

त्यो रोडम्यापले २०७५ फागुन मसान्तभित्रमा संघीय निजामती विधेयक ल्याउने प्रतिबद्धता जनाएको थियो । पाँच वर्ष बितिसक्दा पनि विधेयक तयार भएको छैन । गत भदौमै मन्त्रिपरिषद्बाट पारित भनिएको विधेयक कता अल्मलिएको छ, थाहा छैन । प्रहरी समायोजनको मुद्दा उस्तै छ । बल्लबल्ल आएको शिक्षा विधेयकको हविगत हामी सबैलाई थाहै छ ।

हाम्रो संविधानले अधिकतम सेवा प्रवाह स्थानीय तहमा पुर्याएको छ । दश जोड दुईसम्मको शिक्षाको अधिकार स्थानीय तहमा छ । उपसचिवस्तरको जिल्ला शिक्षा अधिकारी मातहतमा रहन तयार हुने शिक्षकहरु जनताबाट निर्वाचित प्रमुख/उपप्रमुख मातहत बस्दैनौं भनेर आन्दोलन गरिरहेका छन् । हिजो खारेज भएका जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग कार्यान्वयन गर्ने भनी सहमति गरिएको छ । शिक्षा विधेयक सार्वजनिक भएपछि मात्रै शिक्षकहरु सडकमा आएका हुन् ।

यस्तो सम्झौता गर्नु थियो त हिजो किन संघीयताको वकालत गरेको ? हिजो जो संघीयताका लागि लडेको थियो, उही मातहतको मन्त्रालयले अब शिक्षकहरू उपसचिव सरहको जिल्लाको जिशिअ मातहत हुने भनी सम्झौता गर्छ । यसैका लागि संघीयता ल्याइएको हो ? हिजो खारेज भएका जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग कार्यान्वयन गर्ने भनी सहमति गरिएको छ ।

'हामी शिक्षकहरूलाई स्थानीय जनप्रतिनिधिको मातहत राख्न मिल्दैन, केन्द्रीय सरकार मातहत नै रहनुपर्छ' भन्ने उनीहरूको माग छ । उनीहरूको अरू माग जायज होला, यो सवाल उचित भएन भन्ने मेरो दृष्टिकोण हो । उनीहरूले निर्वाचित जनप्रतिनिधिको अवमूल्यन गर्ने काम गरे । संघीयताकै वकालत गर्ने दलको नेतृत्व गरेको शिक्षा मन्त्रालयले सम्झौता गरेर यस्तो विषयमा चुक्नु हुँदैनथ्यो ।

केन्द्रीय मनोवृत्तिका कारण प्रहरी समायोजनले गति लिएको छैन । उपत्यकाको प्रहरी संघीय तहले हेर्ने गरी कानुनको मस्यौदा बनेको छ । अघिल्लो सरकारमा महिला तथा बालबालिका मन्त्री उमा रेग्मीले मन्त्रालय मातहत रहने गरी हरेक जिल्लामा महिला कार्यालय फेरि ब्युँताउनुपर्ने आवाज उठाइन् ।

संघीयताले जिल्ला सदरमुकाममा रहेका महिला कार्यालयलाई स्थानीय तहमा पुर्याएको छ । हरेक स्थानीय तहमा महिला विकास शाखा छन्, तिनलाई सशक्त बनाउनु साटो तल्ला तहमा अधिकार दिन सधैं अवरोध गर्ने प्रवृत्ति व्याप्त छ । यस्तो प्रवृत्तिलाई नीतिगत तहमा रहने सचिव र सहसचिवहरूले भरपूर साथ दिएका छन् । संविधानले अधिकार तल पठाएको छ । नेता र माथिल्ला तहका कर्मचारीले तिनलाई खोसेर माथि नै राख्ने काम गरे ।

संघीयता कार्यान्वयनमा अवरोध गरेकोमा मेरो पटक-पटक अर्थमन्त्री र अरू मन्त्रीसँग नोकझोक परेको छ । हिजो एउटा मन्त्रालयमा रहँदा प्रश्न उठाएका मन्त्री आज अर्को मन्त्रालयको नेतृत्वमा छन् । अहिले पनि खानेपानी मन्त्रालयमा केही हजारका खुद्रे योजना छन् । यो विषयमा प्रश्न नउठाउने हो भने संघीयता बलियो हुन कठिन हुन्छ ।

अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीले देशभरका कृषि सडकहरूको एकसाथ उद्घाटन गर्नुभयो । सके स्थानीय तहमा नभए प्रदेश मातहत हुनुपर्ने क्षेत्रीय योजनाहरू पनि संघीय सरकारले छाड्न चाहेन । त्यसैले मैले मुख्यमन्त्रीहरूलाई पटक-पटक संघीयता कार्यान्वयनका लागि तपाईंहरू सिंहदरबारमा गएर धर्ना बस्नुपर्छ भनेको छु ।

संघीय प्रणालीको संस्थागत विकास गर्नु मुलुकको आवश्यकता हो । संविधान कार्यान्वयन गर्न र शासन व्यवस्था दिगो बनाउन यो आवश्यक छ भनेर मैले राष्ट्रिय सभामा पनि प्रदेश र स्थानीय तहको संस्थागत संरचना बलियो बनाउनुपर्ने वकालत गरेको हुँ ।

शेरबहादुर देउवाको पालामा पनि संघीयता कार्यान्वयनले गति पाएन । प्रधानमन्त्री पुष्पकमल दाहालले संसद्मै प्रदेश मन्त्रालयको संख्या घटाउने प्रतिबद्धता जनाए पनि व्यवहारमा ठीक

....बाँकी पृष्ठ ३ मा

# मोबाइल एसोसिएसनको साधारणसभा सम्पन्न



समाज संवाददाता

हेटौंडाः मोबाइल एसोसियन अफ नेपाल मकवानपुरको १२ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। शनिबार एसोसियसनका अध्यक्ष नवराज चौलागाईंको सभाध्यक्ष तथा मकवानपुर उद्योग वाणिजय संघका अध्यक्ष कृष्णकुमार गुप्ताको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको हो।

साधारणसभामा एसोसिएसनका कोषाध्यक्ष शिवराज बास्तोलाले आर्थिक वर्ष २०७९/८० सम्म ५ लाख ८४ हजार १ सय ३५ रुपैयाँ आम्दानी गरेको जानकारी दिनुभएको छ । मोबाइल एसोसिएसनका महासचिव राजकुमार दहालले संस्थाले गरेको विभिन्न कार्यक्रहरुको बारेमा साधारणसभामा जानकारी दिनुभएको छ।

महासचिव दहालले संस्थाका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद न्यौपानेको संयोजकत्वमा डिलर र रिटेलर समन्वय उपसमिति गठन गरेको जानकारी दिनुभयो । संस्थाका कार्यसमिति सदस्य सुमन रायमाझीको संयोजकत्वमा मर्मत कार्यसम्बन्धी उपसमिति गठन गरेको उहाँले बताउनुभयो। उहाँले सदस्य सुनिल सुवेदीको संयोजकत्वमा बजार अनुगमन उपसमिति गठन गरेको पनि बताउनुभयो।

संस्थाका अध्यक्ष चौलागाईंले गत जेठ १९ गते संस्थाको स्थापना दिवसको अवसरमा महासचिव राजकुमार दहालको संयोजकत्वमा हेटौंडा-११ स्थित मामाघर नेपालमा खाद्यान्न सामग्री सहयोग गरेको जानकारी दिनुभएको छ । गत असार ८ गते सदस्य प्रवेश चापागाईंको संयोजकत्वमा रक्तदान कार्यक्रम आयोजना गरेर २८ युनिट रगत संकलन गरेको उहाँले बताउनुभयो। यस्तै, आन्तरिक राजश्व कार्यालय हेटौंडा र एसोसिएसनको संयुक्त आयोजनामा उपाध्यक्ष रोहिणीप्रसाद गौतमको संयोजकत्वमा नयाँ कर नीतिसम्बन्धी एक दिने तालिम सम्पन्न गरेको उहाँले बताउनुभयो ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष गुप्ताले सबै व्यक्तिहरु आफ्नो व्यापार व्यवसायप्रति लगनशील हुनुपर्ने बताउनुभयो। कुनै पनि व्यापार महोत्सव आयोजना गर्नका लागि उद्योग वाणिज्य संघसँग सम्झौता गर्नुपर्ने उहाँले बताउनुभयो।

साधारणसभामा मकवानपुर चेम्बर अफ कमर्सका अध्यक्ष माधव न्यौपाने, एसोसिएसनका केन्द्रीय सदस्य दिनेश लामा, घरबाहल संघका अध्यक्ष समीर डंगोललगायतको उपस्थिति रहेको थियो।

# माओवादीले पेरिसडाँडामा किन्यो ५ करोड ७७ लाखमा जग्गा



काठमाडौंः माओवादी केन्द्रले पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा थप ८ आना जग्गा किनेको छ । उसले हालै ५ करोड ७७ लाख २८ हजार ७ सय ५० रुपैयाँमा केन्द्रीय कार्यालयको मूलगेट बाहिरको ८ आना जग्गा खरिद गरेको पार्टीको आन्तरिक लेखा परीक्षणको वार्षिक वित्तीय विवरणमा उल्लेख छ ।

वित्तीय विवरणको अनुसूची १२ मा पुँजीगत खर्च र लगानी शीर्षकमा उक्त जग्गा खरिद गरेको जनाइएको छ । माओवादी केन्द्रीय कार्यालयका मुख्यसचिव एवम् कोषाध्यक्ष श्रीराम ढकालले सांसद, पार्टी सदस्यको लेबीबाट जग्गा खरिद गरेको जानकारी दिए । 'मुख्यगरी लेबीको आम्दानीबाट जग्गा खरिद गरिएको हो,' उनले भने । हाल पेरिसडाँडामा माओवादीको केन्द्रीय कार्यालय संचालन हुँदै आएको छ। पार्टी कार्यालय भवनको बायाँपट्टि क्यान्टिनसँग जोडिएको जग्गा खरिद गरिएको हो । माओवादीले उक्त जग्गा वरिष्ठ अधिवक्ता देवराज कटुवालबाट किनेको हो । यसअघि उनीबाटै १२ आना किनिसकेको छ ।

माओवादीले २०६५ सालमा २ रोपनी ८ आना जग्गासहितको भवन राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयले गरेको लिलामीबाट सकारेको थियो । तत्कालीन राष्ट्रिय उद्योग व्यापार महासंघको अध्यक्ष शिव कट्टेलको सक्रियतामा उक्त जग्गा र भवन माओवादी मजदुर संगठनको नाममा किनिएको थियो । माओवादी केन्द्रीय कार्यालय भएको भवन भीमबहादुर ढाक्वाले होटल संचालन गरेका थिए । माओवादी द्वन्द्वका कारण होटल व्यवसाय ठप्प भएपछि वाणिज्य बैंकले उक्त भवन र जग्गा लिलाम गरेको थियो ।

'भवन र जग्गा लिलामीमा परेपछि ढाक्वा मेरो सम्पर्कमा आएका थिए,' कट्टेलले भने, 'मेरो पहलमा पेरिसडाँडामा मजदुर संगठनका नाममा किनिएको थियो । त्यसबेला अनेक अप्ठ्याराबीच पार्टी अफिसका लागि जग्गा खरिद गर्न सकिएको थियो ।' त्यतिबेला माओवादीले सहकारीबाट ऋण र चन्दाबाट २ करोड ७४ लाखमा २ रोपनी ८ आना जग्गा बैंकबाट सकारेको थियो। भवन र जग्गा खरिदका लागि ललितपुरको एक सहकारीबाट ऋण लिइएको थियो । समयमै ब्याज र किस्ता तिर्न नसकेपछि सहकारीले पार्टी कार्यालय लिलाम गर्ने सूचनासमेत प्रकाशित गरेको थियो। पार्टीकै बदनाम हुने भएपछि स्रोत जुटाएर सहकारीको ऋण तिरिएको थियो ।

कोषाध्यक्ष ढकालले केन्द्रीय कार्यालय साँघुरो हुँदै गएकाले जग्गा थपेको बताए। 'आवश्यकताअनुसार जग्गा किनिएको हो,' उनले भने। पछिल्लो समय थप ८ आना जग्गा किनेपछि अब माओवादी केन्द्रीय कार्यालयको नाममा ५ रोपनी जग्गा भएको छ । माओवादीले २०६५ मा भवन र जग्गा किनेपछि पेरिसडाँडाको नामले चर्चित भएको हो । होटल संचालनका लागि बनाइएको भवनमा पार्टी, मजदुर संगठन, वाइसीएललगायत कार्यालय रहेका छन्। माओवादीले आगामी दिनमा ५ रोपनी जग्गामा अत्याधुनिक केन्द्रीय कार्यालय बनाउने योजना बनाएको छ ।

माओवादीले शान्ति प्रक्रियामा आएपछि नेताहरुले व्यक्तिगत सम्पत्ति जोड्न नहुने नीति बनाएको थियो । तर २०६४ को संविधानसभा निर्वाचनमा सबभन्दा ठूलो पार्टी बनेपछि पहिलो पटक सरकारको नेतृत्व गर्‍यो। त्यहीबेला उसले नेता तथा कार्यकर्ताले खुलारुपमा घरजग्गा जोड्नु अघि पार्टी कार्यालयका लागि भवन जग्गा किनेको थियो। *स्रोतः इकान्तिपुर ।*

# बीउ व्यवसायी संघमा ठकुरी

समाज संवाददाता

हेटौंडाः नेपाल बीउ व्यवसायी संघ जिल्ला समन्वय समिति मकवानपुरको नवौं साधारण सभा शनिबार सम्पन्न भएको छ। साधारणसभाबाट सुभास मल्ल ठकुरीको अध्यक्षतामा जिल्ला समिति चयन गरिएको छ ।

संघका अध्यक्ष रमेश अर्यालको अध्यक्षतामा हेटौंडा-१८, गुम्बाडाँडामा भएको साधारण सभाका वक्ताहरुले बीउबिजनमा नेपालको परनिर्भरता बढ्दै गएको भन्दै देशभित्रै गुणस्तरीय बीउ उत्पादनका लागि नीति निर्माणमा जोड दिइएको थियो। कृषि ज्ञान केन्द्र चितवनका प्रमुख झलकनाथ कँडेलले राम्रो बीउ हुँदा उत्पादन वृद्धि हुने भन्दै गुणस्तरीय बीउ आवश्यक भएको बताउनुभयो । उहाँले नेपालमा कृषिसम्बन्धी प्रविधि हस्तान्तरणमा बीउबिजन व्यवसायीको ठूलो योगदान रहेको बताउँदै आयात प्रक्रिया लामो हुँदा बीउ आउन ढिलाई हुने गरेको बताउनुभयो। नेपाल बीउ व्यवसायी संघका केन्द्रीय महासचिव विश्वराज बानियाँले बीउबिजनसम्बन्धी नियमावलीको अभावमा बीउबिजन दर्ता रोकिएको भन्दै मौसममा आएको परिवर्तनले पनि कृषि उत्पादनमा समस्या आएको बताउनुभयो।



मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले आर्थिक मन्दीले देशको सबै क्षेत्र प्रभावित भएको बताउँदै कृषियोग्य जग्गा प्लटिङ र युवा विदेशिने क्रम बढ्दै गएकोले कृषि उत्पादन प्रभावित भएको बताउनुभयो । उहाँले बीउबिजन व्यवसायीको समस्या समाधानमा उद्योग वाणिज्य संघले सहजीकरण गर्ने बताउनुभयो। कार्यक्रममा नेपाल बीउ व्यवसायी संघ बागमतीका उपाध्यक्ष हरिशरण अर्याल, नेपाल विषादी व्यवसायी संघ चितवन नेपाल अमोदराज कँडेल, बीउबिजन व्यवसायी सुदर्शन विष्टलगायतले गुणस्तरीय बीउको अभाव हुँदै गएको बताउनुभयो ।

# गजल मञ्चको नवसर्जक केन्द्रित शृङ्खला

समाज संवाददाता

हेटौंडाः गजल मञ्च मकवानपुरको २१० औं गजल यात्रा तथा नवसर्जक केन्द्रित शृङ्खला सम्पन्न भएको छ । हेटौंडा-४ स्थित नवोदय शिशु सदनमा शनिबार गजल वाचनका साथ गजल प्रशिक्षण भएको हो ।

कार्यक्रममा मकवानपुरका गजलकार र नवोदयमा विद्यार्थीले गजल वाचन गर्नुका साथै नवोदयमा अध्ययनरत इच्छुक विद्यार्थीलाई गजल लेखनको सैद्धान्तिक र प्राविधिक पक्षबारे प्रशिक्षणसमेत प्रदान गरिएको थियो। गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार, गीतकार तथा गजलकार पुरुषोत्तम आचार्यले गजल लेखनबारे विद्यार्थीलाई प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा गजलकारहरु सानुबाबु खनाल, मसान उपासक, देवराज तिवारी, यश लामा, नरेन्द्रकुमार नगरकोटी, सञ्जीत श्रेष्ठ, हरिप्रसाद पौड्याललगायतले गजल वाचन गर्नुभएको थियो । कार्यक्रममा नवसर्जकहरु विदुषी हुमागाईं, सुविष्मा दाहाल, ओशिका सुवेदी र अग्रिम लम्सालले गजल वाचन गर्नुभयो। मञ्चले हरेक महिनाको पहिलो शनिबार नियमित गजल यात्राको आयोजना गर्ने गरेको छ भने विभिन्न विद्यालयमा नवसर्जक केन्द्रित शृङ्खला सञ्चालन गर्दै गजल प्रशिक्षणका कार्यक्रमसमेत सञ्चालन गर्दै आइरहेको मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणले जानकारी दिनुभएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सत्ता र नेताले...

उल्टो भयो । सरकार गठन भएको वर्ष दिन पुगेको अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहालले देशवासीको नामको सम्बोधन गर्दै 'संघीयता कार्यान्वयनलाई गति दिन्छु' भन्नुभयो । तर २१ भदौमा मन्त्रिपरिषद्को निर्णयबाट पारित भएको निजामती विधेयक पाँच महिनामा पनि संसद् सचिवालयमा पुगेको छैन ।

शिक्षा विधेयकमा निजी विद्यालयहरुलाई गुठी मातहत ल्याउने प्रस्तावको विरोधमा सञ्चालकहरू सिंहदरबार पुगे। प्रधानमन्त्री दाहालले 'अर्कै मस्यौदा आएको पो रहेछ, थाहै पाइनँ' भनेर झुक्याइदिनुभयो। आफ्नै मन्त्रिपरिषद्बाट विधेयक पारित गर्ने, आफैंले विरोध गर्ने काम भयो ।

हामीकहाँ केन्द्रीय तहमा बढीमा १५ वटा मन्त्रालय पर्याप्त हुन्छन् । स्विट्जरल्याण्डमा एकपटक राष्ट्रपति भएकाहरू फेरि मन्त्री भएर काम गर्छन्। हामीकहाँ एकपटक उपप्रधानमन्त्री भएकाहरु मन्त्रीमा मात्रै बस्न नहुने मान्यता भयो । ६ जेठ, २०७८ मा भएको प्रतिनिधिसभाको दोस्रो विघटनका कारण करिब ६ महिना राष्ट्रिय सभा समेत अवरुद्ध भएको छ । केही गर्न खोज्ने जनप्रतिनिधिले चाहेर पनि भूमिका निर्वाह गर्न सकेनन् ।

अहिले पनि स्थानीय तहहरुमा सशर्त अनुदानको भारी बोकाइएको छ, जसले उनीहरुको सक्रियता र स्वायत्ततालाई मार्ने काम गरेको छ। बजेटहरूलाई टुक्रा पार्ने र छर्ने काम भएको छ। अहिले पनि भौतिक मन्त्रालयले २/५ लाख रुपैयाँका योजना कार्यान्वयन गरिरहेको छ। खानेपानी मन्त्रालयको हालत उस्तै छ ।

अहिले पनि भौतिक मन्त्रालयले २/५ लाख रुपैयाँका योजना कार्यान्वयन गरिरहेको छ । खानेपानी मन्त्रालयको हालत उस्तै छ। राष्ट्रिय सभाबाट कैयौं पटक मैले 'यो पारामा चल्ने हो भने राजीनामा दिनु उचित हुन्छ' भनेर बोलेको छु, तर किन हो राष्ट्रिय सभाका विषयवस्तुले उति साह्रो महत्व पाउँदैनन् ।

केन्द्रीय तहको देखासिकीका कारण प्रदेश तहमा पनि मन्त्रालयको संख्या बढाउने होडबाजी छ। काम नदेखिने, तर अनावश्यक संरचना थपिने कारण पनि आम जनमानसमा प्रदेशप्रति सकारात्मक धारणा बन्न सकेको छैन। बारम्बारको भेटमा मुख्यमन्त्रीहरुलाई मितव्ययी र संयमित हुन सुझाव दिए पनि सुनुवाइ हुने गरेको छैन ।

यो अवधिमा केही सुधारहरू नभएका होइनन् । हिजो सदरमुकाम धाउनुपर्ने नागरिक र सेवाग्राहीहरूले स्थानीय तहबाट नै सेवा पाइरहेका छन्। हिजोको तुलनामा कतिपय संस्थाका सेवा विकेन्द्रीकरण भएका छन् । यी संस्थाहरूलाई बलियो बनाउन र यिनको सशक्तीकरणमा बोल्नुपर्ने कुनै निकाय हो भने त्यो राष्ट्रिय सभा हो । राष्ट्रिय सभा संघीयतालाई सन्तुलित गर्ने सिलसिलामा प्रदेश र स्थानीय तहको वकालत गर्ने अभिभावकीय भूमिका भएको निकाय हो ।

मेरो विचारमा, हाम्रो लोकतन्त्रलाई जोगाउन र संस्थागत गर्न राष्ट्रिय सभाको अहं भूमिका रहन्छ। हाम्रो लोकतन्त्रलाई राष्ट्रिय सभाले बचाउँछ । प्रतिनिधि सभामा कुनै दलले दुई तिहाइयुक्त बहुमत ल्याएर मनमौजी रूपमा चल्ने र निरंकुश हुने जोखिम रहन्छ । त्यसलाई राष्ट्रिय सभाले सन्तुलित गर्न सक्छ ।

अन्त्यमा, राष्ट्रिय सभा 'काउन्सिल अफ सव-न्याशनल गभर्मेन्ट' हो। अर्थात् राष्ट्रिय सभा प्रदेश र स्थानीय तहको आवाज उठाउने काउन्सिल समेत हो । राष्ट्रिय सभामा संघीयता कार्यान्वयनको र स्थानीय अनि प्रदेशको आवाज नै बढी बोलिनुपर्ने थियो। त्यसो हुनसकेको छैन।

संविधानमा नै प्रतिनिधिसभाको तुलनामा राष्ट्रिय सभाको भूमिका उपेक्षा गरिएको छ । संघीयता कार्यान्वयनका जे-जस्ता आवाज राष्ट्रिय सभामा उठे, त्यहाँ जे-जस्ता अध्ययन भए, तिनको कार्यान्वयनमा समेत सरकार उदासीन छ । नेतृत्वबाट पनि राष्ट्रिय सभालाई प्रभावकारी बनाउन जुन भूमिका खेल्नुपर्ने थियो, त्यसो हुनसकेको छैन ।

(संघीय शासन एवं वित्तीय संघीयताका विज्ञ राष्ट्रिय सभा सदस्य डा. देवकोटासँग अनलाइनखबरकर्मी कृष्ण ज्ञवाली र दिपेश शाहीले गरेको कुराकानीमा आधारित । *स्रोतः अनलाईनखबर*)

## दिदी-भाईलाई...

पौडेलले जानकारी दिनुभएको छ। यसअघि जिल्ला प्रशासन कार्यालय मकवानपुरले घरमै पुगेर बागमती गाउँपालिकाका २ जना र मकवानपुरगढी गाउँपालिकाका एकजनालाई नागरिकता वितरण गरिसकेको छ । थाहा नगरपालिकाका २ जना र बागमती गाउँपालिकाका एकजना अपाङ्गता भएका व्यक्तिलाई पनि नागरिक वितरण गर्ने प्रक्रियामा रहेको जानकारी दिनुहुँदै छिट्टै तीनैजनालाई नागरिकता वितरण गरिने पौडेलको भनाइ छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com



# जिल्लास्तरीय शिक्षक भलिबलको उपाधि जनक माविले जित्यो



शिक्षक भलिबल प्रतियोगिताको उपाधि विजेता टिम

समाज संवाददाता

हेटौँडाः मकवानपुरको थाहा नगरपालिकामा भएको जिल्लास्तरीय रनिङ शिल्ड शिक्षक भलिबल प्रतियोगिताको उपाधि बकैया गाउँपालिकाको जनक माध्यमिक विद्यालयले जितेको छ। शनिबार थाहा नगरपालिका-१० स्थित नाटेश्वर माध्यमिक विद्यालयको भलिबल कोर्टमा भएको फाइनल खेलमा जनक माविले हेटौँडा-५ स्थित जीएस निकेतनलाई ३-१ को सेटले पराजित गर्दै उपाधि जितेको हो।

पहिलो र दोस्रो सेटमा २५-१४ र २५-१९ ले जितेर सहजै अगाडि बढेको जनक मावि तेस्रो सेटमा १८-२५ ले पराजित भयो। चौथो सेटमा भने २५-१७ ले पराजित गर्दै जनक मावि उपाधि विजेता बन्न सफल भएको हो। प्रतियोगिताको उपाधि विजेता जनक माविको टिमले २५ हजार रुपैयाँ, उपविजेता जीएस निकेतनको टिमले १५ हजार रुपैयाँ र सेमीफाइनलमा पराजित हुने जनता मावि र नाटेश्वरी माविको टिमले ५/५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी जनक माविका प्रदीप लामा घोषित भएका छन्। नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुर तथा नाटेश्वर माध्यमिक विद्यालयको आयोजनामा भएको प्रतियोगितामा सामुदायिक र संस्थागत गरी २१ वटा विद्यालयको सहभागिता रहेको थियो। यसअघि शनिबार नै सम्पन्न भएको सेमीफाइनल खेलमा जनक माविले फापरवारीस्थित जनता माविलाई २-० को सोझो सेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो। जनक माविले जनता माविलाई २५-१२ र २५-२१ को सोझो सेटले पराजित गरेको थियो। यस्तै शनिबार नै भएको अर्को सेमीफाइनल खेलमा जीएस निकेतनले आयोजक नाटेश्वरी माध्यमिक विद्यालयलाई २-० को सोझो सेटले पराजित गरेको थियो। जीएस निकेतनले नाटेश्वरीलाई २५-१५ र २५-१६ को सेटले पराजित गरेको छ।

# नेल्टा मकवानपुर अध्यक्षमा अर्याल



समाज संवाददाता

हेटौँडाः नेपाल इङ्लिस ल्याङ्वेज टिचर्स एसोसिएसन (नेल्टा) मकवानपुर जिल्ला अध्यक्षमा हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसका शिक्षक उत्तम अर्याल चयन हुनुभएको छ। शनिबार हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसको सभाहलमा भएको १२ औं अधिवेशनले अर्यालको अध्यक्षतामा सर्वसम्मत १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो।

नेल्टाको उपाध्यक्षमा सञ्जयकुमार बस्नेत, सचिवमा सुरेश रेग्मी, सहसचिवमा रोशनी पौडेल र कोषाध्यक्षमा भानुभक्त पाठक चयन भएका छन्। यस्तै, सदस्यहरुमा सरस्वती अधिकारी, छविलाल विक, दीपक अधिकारी, कृष्णप्रसाद पौडेल, रामप्रसाद सापकोटा, पुण्यशिला श्रेष्ठ, यादवराज बराल, मालती पोखरेल, योजना अधिकारी र सविना गिरी चयन भएका हुन्।

नेल्टा मकवानपुर जिल्ला अध्यक्ष संगम चौलागाईंको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा अधिवेशन उद्घाटन भएको हो। उद्घाटन कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर प्रमुख दीनानाथ गौतम, नेल्टाका केन्द्रीय सदस्य गणेश हुमागाईं, नेपाल शिक्षक महासंघ मकवानपुर अध्यक्ष जिवराज ढकाल, नेल्टा बागमती प्रदेश अध्यक्ष, जिल्ला वरिष्ठ उपाध्यक्ष किशोर पराजुलीलगायतको उपस्थिति रहेको थियो। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ।

## यू-१९ विश्वकप

# न्यूजिल्याण्ड र नेपाल आज खेल्दै

काठमाडौं: नेपालले दक्षिण अफ्रिकामा जारी आईसीसी यू-१९ विश्वकप २०२४ मा आफ्नो पहिलो खेल आज आइतबार न्यूजिल्याण्डसँग खेल्दैछ। खेल नेपाली समय अनुसार आइतबार दिउँसो १:४५ मा सुरु हुनेछ। नेपालले न्यूजिल्याण्डसँग पछिल्लो पटक २०१६ मा यू-१९ विश्वकप खेलेको थियो।

नेपालले यू-१९ विश्वकपमा न्यूजिल्याण्डसँग खेलेका दुबै खेल जितेर विश्व क्रिकेटमा सनसनी मच्चाइसकेको छ। नेपालले न्यूजिल्याण्डलाई सन् २०१६ को यू-१९ विश्वकपमा ३२ रन र २००६ मा १ विकेटले हराएको थियो। सन् २००६ को प्लेट फाइनलमा नेपालले न्यूजिल्याण्डलाई हराएर उपाधि जितेको थियो। श्रीलंकाको कोलम्बोमा टस जितेर पहिला ब्याटिङ गरेको न्यूजिल्याण्ड २०४ रनमा अल आउट भएको थियो।

त्यतिबेला नेपालका स्पिनर बसन्त रेग्मीले ३, शरद भेषावकर र अमृत भट्टराईले २-२ विकेट लिएका थिए। पारस खड्का र राज श्रेष्ठको नाममा १-१ विकेट रहेको थियो। उक्त लक्ष्य




नेपालले ४९.४ ओभरमा ९ विकेट गुमाएर भेट्टाएको थियो। नेपालका बसन्त रेग्मीले ७३ बलमा ७ चौकासहित ६६ रन बनाउँदै जित दिलाएका थिए। शरद १८, ज्ञानेन्द्र मल्ल ५ र पारस खड्का ४ रनमा आउट भएका थिए। न्यूजिल्याण्ड टिमका सफल तीव्र गतिका बलर टिम साउथीले त्यो खेलमा विकेट लिन सकेका थिएनन्।

नेपालले २०१६ मा बंगलादेशमा भएको यू-१९ विश्वकपमा समूह चरणमा न्यूजिल्याण्डलाई ३२ रनले हराएको थियो। टस हारेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २३८ रन बनाएको थियो। नेपालका सन्दीप सुनार ३९, सुनिल धमला १५, राजु रिजाल ४८, आरिफ शेख ३९, दीपेन्द्रसिंह ऐरी १६ र कुशल भुर्तेलले ३५ रन बनाएका थिए।

न्यूजिल्याण्ड भने ४७.१ ओभरमा २०६ रनमै अलआउट भएको थियो। न्यूजिल्याण्डका रचिन रवीन्द्र ४, ग्लेन फिलिप्स ५२ र फिन एलेन ११ रनमा आउट भएका थिए। यी तीन खेलाडी वर्तमान समयका विश्व क्रिकेटकै सुपर स्टारमा पर्छन्। न्यूजिल्याण्डलाई दीपेन्द्रले ३, प्रेम तामाङले २, सन्दीप लामिछाने र सुनिल धमलाले १-१ विकेट लिएका थिए। *स्रोत: अनलाइनखबर।*

# सामुदायिक वनमा पुरुषको शव फेला

समाज संवाददाता

हेटौँडाः बनेपा नगरपालिका-११ स्थित शारदादेवी सामुदायिक वनमा एक पुरुषको शव फेला परेको छ। हाल नाम थर वतन नखुलेको अन्दाजी ४५ वर्षीयजस्तो देखिने पुरुषको शव रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

सडीगली सकेको पुरुष व्यक्ति कोल्टे अवस्थामा मृत रहेको भनी स्थानीय महिलाहरु घाँस दाउरा काट्न जाँदा देखेर प्रहरीलाई जानकारी गराएको प्रहरीले जनाएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल पठाइएको छ।

# माओवादी केन्द्र हेटौँडा-६ अध्यक्षमा घिमिरे

समाज संवाददाता

हेटौँडाः नेकपा माओवादी केन्द्र हेटौँडा-६ को अध्यक्षमा शोभा घिमिरे चयन हुनुभएको छ। शनिबार भएको पार्टी वडाको दोस्रो सम्मेलनबाट घिमिरे अध्यक्षमा सर्वसम्मत चयन हुनुभएको हो।

घिमिरेको अध्यक्षतामा २० सदस्यीय समिति गठन भएको छ। समितिको उपाध्यक्षमा ढकप्रसाद गौतम र खिलप्रसाद गौतम चयन हुनुभएको छ। यस्तै, सचिवमा राजन श्रेष्ठ, सह-सचिवहरुमा रमा महत, विनोद बजगाई र कोषाध्यक्षमा हस्त माझी चयन हुनुभएको छ। सदस्यहरुमा उत्तमलाल दास, तारा गौतम, मीना परियार, लक्ष्मी राई, बद्री सापकोटा, गीता थापा, विष्णुमाया रेग्मी, शिव महत, डम्बरप्रसाद गौतम, अम्बिका सञ्जेल, गीता बस्नेत, सल्जा खड्का र दीपक गुरुङ चयन हुनुभएको छ।

वडा नम्बर ६ को सम्मेलन सम्पन्न भएसँगै हेटौँडाको १९ मध्ये ११ वटा वडाको सम्मेलन सम्पन्न भएको पार्टी नगर कमिटीका अध्यक्ष तीर्थ थापाले बताउनुभयो। अब ८ वटा वडाको सम्मेलन गर्न बाँकी छ। अब वडा नम्बर १, २, ३, ४, १०, १४, १५ र १६ को वडा सम्मेलन सम्पन्न गर्न बाँकी रहेको अध्यक्ष थापाले बताउनुभयो। बाँकी वडाको सम्मेलन गर्न तयारी भइरहेको उहाँले बताउनुभयो।

# स्याङ्जाली समाजमा कुलप्रसाद

समाज संवाददाता

हेटौँडाः विभिन्न पेशा, व्यवसायमा आबद्ध भई मकवानपुरमा रहेका स्याङ्जा जिल्लावासीको सहभागितामा गठन गरिएको स्याङ्जाली समाज मकवानपुरको साधारणसभा शनिबार भएको छ। साधारणसभाले कुलप्रसाद पौडेलको अध्यक्षतामा नयाँ समिति चयन गरेको छ। स्याङ्जाली समाज मकवानपुरको उपाध्यक्षमा शोभाबन्धु पौडेल; सचिवमा एकनारायण पौडेल (राजु), सहसचिवमा रञ्जित थापा र कोषाध्यक्षमा सीता कार्की चयन हुनुभएको छ।

यस्तै सदस्यमा लेखनाथ अधिकारी, सत्यदेवी पौडेल, डिलबहादुर रानाभाट र प्रिती रानाभाट चयन हुनुभएको छ। समाजको सल्लाहकारमा बुद्धि ढकाल, शिव शर्मा पोखरेल र पुरनबहादुर जोशी रहनुभएको छ। कार्यवाहक अध्यक्ष प्रमोदसिंह रानाभाटको अध्यक्षता तथा गण्डकी समाजका अध्यक्ष एवम् स्याङ्जाली समाज मकवानपुरका संस्थापक बुद्धि ढकालको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो।

साधारणसभाको उद्घाटन कार्यक्रममा बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अमृत श्रेष्ठ, उच्च अदालत सरकारी वकिलको कार्यालय हेटौँडाका प्रमुख ईश्वरीप्रसाद ढकाल, पूर्वाधार विकास निर्देशनालयका प्रमुख लोकनाथ रेग्मी, कृषि तथा वन विज्ञान विश्वविद्यालय वन संकाय हेटौँडाका उपप्राध्यापक ज्ञानबन्धु शर्मा, कोष तथा लेखा नियन्त्रकको कार्यालय मकवानपुरका प्रमुख रमेश अर्याल, भीमफेदी कारागारका प्रमुख तीर्थराज पौडेल, आन्तरिक राजश्व कार्यालय हेटौँडाका कर अधिकृत कमल अर्याल लगायतको आतिथ्य रहेको थियो।

# २५ जनाद्वारा रक्तदान




रक्तदान गर्दै रक्तदाता।

समाज संवाददाता

हेटौँडाः नेपाल रेडक्रस सोसाइटी पिप्ले-पोखरा उप-शाखाको २६ औं वार्षिक साधारणसभाको अवसरमा शनिबार बिहान रक्तदान कार्यक्रम भएको छ। कार्यक्रममा २५ जनाले रक्तदान गरेका छन्। शाखाका सभापति देवी प्रसाद दाहालको अध्यक्षता तथा वडा अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाकी मन्त्री सुमित्रा काफ्लेको पनि आतिथ्य रहेको थियो।

# सिद्धार्थ माविका पूर्वविद्यार्थी र शिक्षक भेला

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले शनिबार पहिलो पटक विद्यालयका पूर्वशिक्षक र पूर्वविद्यार्थी भेला कार्यक्रम गरेको छ। पूर्वमन्त्री तथा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख अतिथ्य तथा विद्यालयका पूर्वप्रधानाध्यापक गोकुललाल श्रेष्ठको विशेष आतिथ्यमा कार्यक्रम भएको हो।

विद्यालयमा अध्ययन गरेका विद्यार्थी तथा अध्यापन गराएका शिक्षकबीच भेटघाटलाई निरन्तरता दिन कार्यक्रम गरेको विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्माले बताउनुभयो। आर्थिक अवस्था कमजोर भएका तथा विपन्न परिवारका विद्यार्थीलाई निःशुल्क पढाउनुपर्ने भएकाले आवश्यक सहयोग गर्न उहाँले जोड दिनुभयो।

विगतको तुलनामा खेलकुद मैदान सुधार भएको, विद्यालयको भौतिक अवस्था सुधार भएको, प्रत्येक कक्षामा प्रविधिमैत्री शिक्षण विधिको व्यवस्था गरेको, विद्यालयमा अध्ययनरत ८ देखि १० कक्षाका विद्यार्थीको हरेक शनिबार परीक्षाको व्यवस्था गरेको उहाँले बताउनुभयो। कार्यक्रममा विद्यालयका शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका पूर्वविद्यार्थी, पूर्वशिक्षकलगायतको उपस्थिति रहेको थियो।

# कालिका आविको ४१ औं अभिभावक भेला सम्पन्न

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१३, ठूलोथलीस्थित श्री कालिका आधारभूत विद्यालयको ४१ औं अभिभावक भेला सम्पन्न भएको छ। शुक्रबार विद्यालयको प्राङ्गणमा हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भेला सम्पन्न भएको विद्यालयका प्रधानाध्यापक रामकृष्ण न्यौपानेले जानकारी दिनुभयो।

आभिभावक भेलाको अवसरमा विद्यालयका प्रधानाध्यापक न्यौपानेले शैक्षिक, भौतिक प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा विद्यालयका विद्यार्थीहरुले गायन प्रस्तुत गरेका थिए। कक्षा ८ सम्म अध्यापन हुने विद्यालयमा २ सय ३९ जना विद्यार्थी अध्यनरत रहेका छन्। विद्यालयमा शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक सक्रिय रहेको न्यौपानेले जनकारी दिनुभयो। विद्यालयमा पछिल्लो समय शैक्षिक सुधारको कार्यहरु भइरहेको उहाँले बताउनुभयो।

कार्यक्रममा नगरप्रमुख लामाले विद्यालयको स्तर उन्नतिका लागि आगामी आर्थिक वर्षमा ४ कोठे पक्की भवन निर्माणको लागि बजेट निकासा गर्ने प्रतिबद्धता जनाउनुभएको न्यौपानेले जनकारी दिनुभयो। कार्यक्रमा हेटौँडा-१३ का वडा अध्यक्ष पेम्बा लामाले विद्यालयको प्राङ्गणमा इटरलग गर्ने आश्वासन दिनुभएको छ। कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष संगीता वाइबा, विद्यार्थी, अभिभावकलगायतको उपस्थिति रहेको थियो।

# आँचलको वनभोज कार्यक्रम

समाज संवाददाता

हेटौँडाः आँचल साहित्य कला पुञ्जको वनभोज कार्यक्रम सम्पन्न भएको छ। शनिबार हेटौँडा-१९, तपोवनमा रहेको उमामहेश्वर धार्मिक तथा पर्यटन विकास समितिको हलमा वनभोज कार्यक्रमको आयोजना गरिएको हो।

कार्यक्रम आँचल साहित्य कला पुञ्जका आजीवन सदस्य तथा संस्थापक मुना अर्यालको अभिभावकत्वमा भएको थियो। पुञ्जका अध्यक्ष भावना सापकोटा, पूर्वअध्यक्षहरु र पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

महिला साहित्यकारको ऊर्जा बढाउने, मासिकरुपमा हुने भेटघाटमा महिलाको सहभागिता उल्लेखनीय बनाउने, सम्बन्ध विस्तार तथा सार्थक उपस्थिति जनाउने उद्देश्यले कार्यक्रम गरिएको अध्यक्ष सापकोटाले बताउनुभयो। २०६९ सालमा स्थापना भएको कला पुञ्जले दोस्रो पटक वनभोज कार्यक्रम गरेको हो। कार्यक्रमको संयोजन सिर्जना पौडेलले गर्नुभएको थियो।

वनभोज कार्यक्रममा विभिन्न खेलको माध्यमबाट आफूमा रहेको कलाको पनि प्रस्तुत गरिनुका साथै उत्कृष्ट हुनेलाई मायाको चिनोसमेत प्रदान गरिएको थियो। वनभोज कार्यक्रममा ३६ जनाको उपस्थिति रहेको थियो।

आँचलले वर्षमा ४ वटा र मासिकरुपमा महिनाको तेस्रो शनिबार कार्यक्रमको आयोजना गर्दै आएको छ। वार्षिकरुपमा गर्ने कार्यक्रम महिला पुरुष दुबै साहित्यकारहरुलाई समेटेर गर्दै आएको छ भने र मासिक कार्यक्रममा महिलाहरुको मात्र सहभागिता रहने र महिलाहरुको र चनामात्र समेट्ने गरेको अध्यक्ष सापकोटाले जानकारी दिनुभयो। यहि महिनाभित्र आँचलले मनहरीमा रहेको बोर्डिङ स्कूलमा विधागत प्रशिक्षण गर्ने उहाँले जानकारी दिनुभयो।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ